म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ७४ २०७९ माघ १९ गते बिहीबार 2 February 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-






### बागमती प्रदेशसभाको पाँचौ वार्षिकोत्सव

# हालसम्म ७० वटा कानुन निर्माण




रविन्द्र वाईबा

हेटौंडाः बागमती प्रदेशसभाको पाँचौ वार्षिकोत्सव बुधबार सम्पन्न भएको छ। बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको सभाध्यक्ष तथा बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

संघीयता लागू भएसँगै २०७४ माघ १८ गते बागमती प्रदेशसभाको पहिलो बैठक बसेको थियो। बागमती प्रदेशसभाले हालसम्म ७० वटा कानुन बनाएको छ। यसबीचमा २ सय ६२ पटक प्रदेशसभाको बैठक बसेको छ। प्रदेशको राजधानी हेटौंडा कायम गर्ने निर्णय गरिएको छ भने प्रदेशको नाम बागमती राखिएको छ।

कार्यक्रममा सभामुख पाठकले आफू सशक्त र नमुना प्रदेश स्थापना गर्न निरन्तर लाग्ने बताउनुभएको छ। प्रदेशसभा सञ्चालनमा निष्पक्ष, स्वतन्त्र र पारदर्शिता आफ्नो प्राथमिकता हुने उहाँको भनाई छ। संसद विभिन्न सिद्धान्त र दृष्टिकोणको प्रतिनिधित्व थलो रहेको बताउनुहुँदै उहाँले सबै राजनीतिक दलका सांसदहरुले सशक्तरुपमा आफ्नो भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो। बागमती प्रदेशमा अझै १२ वटा कानुन आवश्यक पर्ने अध्ययनले देखिएको उहाँले बताउनुभयो।

बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले समतामूलक र समृद्ध राष्ट्र निर्माणमा सांसदहरुको भूमिका रहने बताउनुभयो। संघीयतापछि बागमती प्रदेशले धेरै कामको सुरुवात गरिसकेको र अब बाँकी काम पूरा गर्नुपर्ने उहाँले बताउनुभयो।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले प्रदेशसभाको विगतको अनुभव र नयाँ सुझावअनुसार काम गर्ने बताउनुभएको छ। प्रदेशको राजधानी र संघीय राजधानी जोड्ने सडकखण्ड अहिलेसम्म पनि बन्न नसकेको भन्दै उहाँले अब चाँडै निर्माण सम्पन्न हुने बताउनुभयो। फाखेल–हुमाने सडकखण्ड निर्माण कार्यलाई पनि अगाडि बढाएको मुख्यन्त्री जमकट्टेले बताउनुभयो। उहाँले ३ महिनाभित्र काम सम्पन्न गर्ने गरी कार्य अगाडि बढाएको बताउनुभयो।

अहिलेको विकासको मोडेल टुक्रे मोडेल भएकाले परिणाम नदिएको भन्दै प्रदेशको औचित्यमाथि प्रश्न उठेको उहाँले बताउनुभयो। उहाँले विकास नयाँ मोडेलबाट गर्नुपर्ने बताउनुभयो। अहिले बागमती प्रदेश सरकारले आफ्नो प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्तिको काम अगाडि बढाइरहेको मुख्यमन्त्री जमकट्टेलले बताउनुभयो।

बागमती प्रदेशसभाका निवर्तमान सानुकुमार श्रेष्ठले प्रदेशसभाको चुनौतीलाई सबैले मिलेर सामना गर्नुपर्ने बताउनुभयो। बागमती प्रदेश अन्य प्रदेशको तुलनामा आर्थिकरुपमा आत्मनिर्भर रहेको उहाँले बताउनुभयो।

बागमती प्रदेश सरकारका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले जनतालाई अनुभूत हुने गरी काम गर्न नसक्दा अहिले प्रदेशको औचित्यमाथि प्रश्न उठेको बताउनुभयो। उहाँले भन्नुभयो 'प्रदेशका लागि थुपै ऐन र कानुनहरु बनाउन आवश्यक थियो। ऐन र कानुनहरु नबनी काम गर्न सक्ने अवस्था थिएन। यसका बाबजुद पनि उल्लेखनीय काम गर्‍यौं।' उहाँले प्रदेशसभालाई प्रभावकारी बनाउन लाग्नुपर्ने बताउनुभयो।

नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका नेता बहादुर सिंह लामाले प्रदेशको औचित्यमाथि उठेको प्रश्नको जवाफ सबैले दिनुपर्ने बताउनुभयो। कानुन र विधेयकमात्र ल्याएर नहुने र त्यसलाई कार्यन्वयन पनि गर्नुपर्ने उहाँले बताउनुभयो। अब योजना बनाउँदा टुक्रे नभई देखिने योजना बनाउनुपर्ने लामाले बताउनुभयो।

योजना बनाउने तर कार्यन्वयन हुन नसकिरहेको उहाँले बताउनुभयो। विगतमा सुरुङमार्गसम्मको योजना आएको तर नियमित आवतजावत गर्नुपर्ने सडकसमेत बन्न नसकेको उहाँले आरोप लगाउनुभयो। उहाँले अबको कार्यकालमा प्रतिपक्ष र सत्तापक्ष भनेर भन्दा पनि प्रदेशको अनुभूति हुने गरी काम गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रदेशसभाले उत्कृष्ट कर्मचारीहरुलाई सम्मान गरेको छ। मर्यादापालक ध्रुवबाबु दुवाडी, कार्यालय सहयोगी पार्वती श्रेष्ठ, कर्मचारीहरु चन्द्रप्रसाद घिमिरे, धिरज ढकाल र वर्तमान संघीय संसदका उपसचिव अधिराज राईलाई नगदसहित सम्मान गरिएको छ।

# भर्ना भएका सबै विद्यार्थी परीक्षामा सहभागी



*अर्धवार्षिक परीक्षाको समीक्षाका क्रममा सहभागी अभिभावक ।*

समाज संवाददाता

हेटौंडाः विद्यार्थी भर्ना गर्न जति ध्यान दिइन्छ, विद्यार्थीको नियमित पठनपाठन र शैक्षिकसत्रको अन्तिमसम्म उनीहरुलाई टिकाइराख्ने विषयमा सरोकारवालाको ध्यान पुग्न सकेको हुँदैन। जसका कारण भर्ना भएका विद्यार्थीमध्ये वार्षिक परीक्षासम्ममा १० प्रतिशतसम्म विद्यार्थी अनुपस्थित हुने अवस्था रहन्छ। अधिकांश विद्यालयले विद्यार्थीको ड्रपआउटको समस्या झेलिरहेका बेला मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माविले भने अर्धवार्षिक परीक्षासम्म आइपुग्दा सबै विद्यार्थीलाई टिकाइराख्न सफल भएको छ।

कक्षा १२ सम्म पठनपाठन हुने चण्डिका माविले पुस २१ गतेदेखि सुरु गरी पुस २९ गतेसम्म सञ्चालन गरेको अर्धवार्षिक परीक्षामा ३ सय ३५ विद्यार्थी सहभागी भएका छन्। शैक्षिकसत्रको सुरुवातसँगै भर्ना अभियानमा समेटिएका सबै विद्यार्थी अर्धवार्षिक परीक्षासम्म कायमै रहेको विद्यालयका प्रधानाध्यापक कमल फुयालले जानकारी दिनुभयो। विद्यार्थीले बीचमै पढाई छाड्ने अवस्था देखिए स्थानीय सरकारसँग सहयोग लिई विद्यार्थीका समस्या समाधान गरिदिएर उनीहरुलाई नियमित विद्यालयमा उपस्थित हुने वातावरण बनाइएको प्रधानाध्यापक फुयालको भनाइ छ।

"बेला-बेलामा विद्यार्थी अनुपस्थित हुने गरेका छन्। त्यस्तो अवस्थामा विद्यार्थीको समस्या बुझेर समस्या समाधान गरी उनीहरुलाई नियमित विद्यालय आउने वातावरण बनाएका छौं", प्रधानाध्यापक फुयालले भन्नुभयो, "विद्यार्थीको समस्या समाधान गर्न हामीले पालिकासँग सहयोग लिने गरेका छौं।" विद्यालयले अर्धवार्षिक परीक्षाको नतीजा सार्वजनिक तथा विश्लेषण समेत सम्पन्न गरेको छ। विद्यालयले अभिभावक र विद्यार्थीको सहभागितामा अर्धवार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको हो। गत शुक्रबार नर्सरीदेखि ५ कक्षासम्मको नतीजा सार्वजनिक गरेको विद्यालयले आइतबार कक्षा ६ देखि १० सम्मको नतीजा सार्वजनिक गरेको छ। विद्यालयले सोमबार कक्षा ११ र १२ को नतीजा सार्वजनिक गरेको प्रधानाध्यापक कमल फुयालले जानकारी दिनुभएको छ।

अभिभावकको उपस्थितिमा विद्यालयले परीक्षाको उत्तरपुस्तिका समेत उपलब्ध गराई समीक्षासमेत गरेको हो। अर्धवार्षिक परीक्षाको नतीजा उत्तरपुस्तिका नै देखाएर समीक्षा गरिएको हो। पहिलो त्रैमासिक परीक्षामा भन्दा अर्धवार्षिक परीक्षामा विद्यार्थीको लेखन सुध्रिएको प्रधानाध्यापक फुयालको भनाइ छ। नतीजा सार्वजनिक तथा समीक्षा गर्ने कार्यक्रममा ७५ प्रतिशत भन्दा बढी अभिभावक सहभागी भएको प्रधानाध्यापक फुयालले जानकारी दिनुभयो। कात्तिक महिनादेखि विद्यालयले हरेक साताको आइतबार गणित, मंगलबार अंग्रेजी र शुक्रबार विज्ञान विषयको परीक्षा लिनुका साथै मासिकरुपमा पठनपाठन र परीक्षाको नतीजाको विषयमा समीक्षा गर्ने गरिएको छ। अर्धवार्षिक परीक्षाको नतीजा विश्लेषण गर्दा आफ्ना बालबालिकाको शैक्षिकस्तर सुध्रेको प्रतिक्रिया दिएका छन्।

चण्डिका माविका विद्यार्थीले घरमा पढ्ने तालिका विद्यालय प्रशासन र अभिभावक दुवैलाई जानकारी गराएका छन्। विद्यालय प्रशासनले अभिभावकलाई आफ्ना बाबुनानी पढे-नपढेको निगरानी गर्न, सहजीकरण गर्न, कमजोर विषयमा ध्यान दिन अनुरोध समेत गरेको छ। अर्धवार्षिक परीक्षाको नतीजा सार्वजनिक तथा समीक्षा गर्ने क्रममा विषयगत शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक-अभिभावक संघका पदाधिकारीको पनि उपस्थिति रहेको थियो।

# उद्योगले लोडसेडिङ भोग्नुपर्दैनः राज्यमन्त्री सिंह

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारका उर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री दीपक बहादुर सिंहले मकवानपुरका उद्योगले अब लोडसेडिङको समस्या भोग्नु नपर्ने बताउनुभएको छ। बुधबार उद्योग संघ मकवानपुरले आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राज्यमन्त्री सिंहले मकवानपुरका उद्योगमा अहिले पनि लोडसेडिङको समस्या भइरहेको आफुलाई खबर आएपछि विद्युत प्राधिकरण पुगेर मकवानपुरमा विद्युतको लोड बढाउन लगाएको बताउनुभयो।

आफु पनि उद्योगी भएकाले यस क्षेत्रको समस्या बुझेको र यस समस्यालाई समाधान गर्न लागेको उहाँले जानकारी गराउनुभयो। केही समयका लागि मात्रै मन्त्री बनेकोले काम गरेर देखाउने प्रतिबद्धता जनाउनुभयो। मकवानपुरमा उद्योग चलाउने व्यवसायीको शिर निहुराउन नदिने बताउनुभयो। बुधबार बिहान विद्युत प्राधिकरण मकवानपुरमा पुगेर वर्तमान अवस्थाको बारेमा छलफल गरेको बताउनुहुँदै अब मकवानपुरमा विद्युत पर्याप्त उपलब्धता हुने बताउनुभयो। उद्योग, कलकारखाना सञ्चालन गर्न मात्र नभएर देश चलाउन पनि सबै लाग्नुपर्ने उहाँको भनाइ छ। उहाँले स्वदेशी उत्पादनको प्रयोग गर्न आग्रह गर्नुभएको छ।

उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले अहिले उद्योगहरु संकटमा परिरहेको बताउनुभएको छ। अहिले कमजोर आर्थिक वृद्धि, महंगी र उच्च व्याजदरका कारण उद्योग क्षेत्र संकटमा रहेको बताउनुभयो। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले एकातर्फी रुपमा भाडा वृद्धि गरेको उहाँले बताउनुभयो। भाडा वृद्धिबारे अहिले समिति निर्माण गरेर छलफल गरिरहेको र त्यसको कार्यान्वयन नभएमा हेटौंडा औद्योगिक क्षेत्र

...बाँकी पृष्ठ ३ मा

# नगर प्रमुख लामा र शिक्षामन्त्रीबीच भेटवार्ता

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा र संघीय सरकारका शिक्षा मन्त्री शिशिर खनालबीच बुधबार काठमाडौंमा भेटवार्ता भएको छ। नेपाल नगरपालिका संघ र संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबीच परियोजना सम्झौतासम्बन्धी कार्यक्रममा सहभागी हुनुभएकी नगरप्रमुख लामा र शिक्षामन्त्री खनालबीच भेटवार्ता भएको हो। भेटका क्रममा नगर प्रमुख लामाले हेटौंडा उपमहानगरपालिकाले भुटनदेवी माविमा सिभिल इन्जिनियरिङ विषयको स्नातक तहको कार्यक्रम सञ्चालन गर्न लागेको र त्यसका लागि नीतिगत सुधारको कार्यमा सहयोग गर्न आग्रह गर्नुभएको थियो। कुराकानीका क्रममा मन्त्री खनालले नीतिगत सुधार गर्न मन्त्रालयले आवश्यक तयारी गरिरहेको र इन्जिनियरिङ कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको मन्त्रालयका भगवान अर्यालले जानकारी दिनुभयो।

# प्रदेश सभा २२ गते बस्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सभाको दोस्रो कार्यकालको तेस्रो बैठक यही माघ २२ गते अपरान्ह २ बजेका लागि आह्वान गरिएको छ। प्रदेश सभाको बैठक गत माघ ३ गते मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत प्राप्त गरेपछि स्थगित भएको थियो।

सभामा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा, नेमकिपा र हाम्रो नेपाली पार्टीका गरी एक सय १० जना प्रदेश सभाका सदस्य छन्।




## सम्पादकीय

# गाँजा खेती र फडानी

नेपालमा गाँजा र अफिमलाई लागूपदार्थको रुपमा लिने गरिन्छ । प्रतिबन्धित लागूपदार्थ भएकाले यसको खेती गर्न पाइँदैन । खेती नै गर्न नपाएपछि ओसारपसार, बेचविखन र सेवन गर्ने कुरै भएन । तर, गैरकानुनी गाँजा तथा अफिमको खेती वर्षेनि हुने गरेको छ । गाँजा खेती बढी हुने जिल्लामा मकवानपुर पनि अग्रस्थानमै पर्दछ । विगतको तुलनामा गाँजा खेती निकै कम भए पनि यसको अन्त्य हुन सकेको छैन । पछिल्लो समय गाँजालाई बैधानिकता दिने बहस र चर्चा चलिरहेको अवस्थामा गाँजा खेती मौलाउने सम्भावना बढेको छ । गाँजा तथा अफिमको खेती गैरकानुनी भएकै कारण प्रहरी प्रशासनले यसको खेती फडानी गर्दै आएको पाइन्छ । प्रहरीले थोरै परिमाणमा गाँजा ओसारपसार गरेको, बेचविखन गरेको वा आफूसँग राखेको फेला पारेमा पक्राउ गरेर मुद्धा चलाउने गरेको भए पनि बिघौं बिघा जमिनमा गाँजा तथा अफिम खेती गर्दा फडानी गरेरमात्र छाड्नुलाई अर्थपूर्णरुपमा हेर्ने गरिएको छ । गाँजा तथा अफिम खेती गैरकानुनी हो भने यसको खेती गर्नेलाई पनि पक्राउ गरेर किन कानुनी कारबाही नगरिएको हो ? बुझ्न सकिरहेको छैन ।

विश्वका कतिपय देशमा गाँजालाई बैधानिकता दिएर यसको खेती तथा उपयोगलाई व्यवस्थित बनाइएको छ । नेपालमा पनि गाँजा खेतीलाई बैधानिकता दिनुपर्ने आवाज उठिरहेको समयमा प्रहरीले यस वर्ष पनि गाँजा तथा अफिम खेती नष्ट गरेको छ । प्रहरीले मकवानपुरको राक्सिराङ तथा कैलाश गाउँपालिकाको विभिन्न स्थानमा लगाइएको गाँजा तथा अफिम फाँडेर नष्ट गरेको छ । प्रहरीले तीन दिनमा १ सय ३० बिगाह जमिनमा लगाइएको अफिम र २८ बिगाह १० कठ्ठा जमिनमा लगाइएको गाँजा फडानी गरेको बताएको छ । प्रहरीले माघ १४ गते राक्सिराङ गाउँपालिका–७ मा २० बिगाह अफिम र १ बिगाह गाँजा खेती फडानी गरेको छ । माघ १५ गते राक्सिराङकै ६ र ७ नम्बर वडामा ४१ बिगाह अफिम र २१ बिगाह गाँजा खेती फडानी गरेको छ । माघ १६ गते सोमबार राक्सिराङ–७ मै १४ बिगाह अफिम र ६ बिगाह १० कठ्ठा गाँजा खेती फडानी गरिएको छ । यस्तै, प्रहरीको अर्को टोलीले माघ १४ गते कैलाश गाउँपालिका–७ मा १५ बिगाहमा लगाइएको अफिम फडानी गरेको छ भने माघ १५ गते कैलाशकै वडा नम्बर ७ र ८ मा २० बिगाह अफिम खेती फडानी गरेको छ । सोमबार राक्सिराङ–४ मा प्रहरीले २० विगाह अफिम खेती फडानी गरेको छ ।

गाँजा तथा अफिम खेती नियन्त्रणका लागि प्रहरी प्रशासनले वर्षेनि फडानी तथा अन्य कारबाही गर्दै आए पनि गाँजा तथा अफिम खेती अन्त्य हुन सकेको छैन । किसानको चाँडै धनी बन्ने चाहना र गाँजाको बैकल्पिक खेतीका लागि प्रोत्साहन नहुनुले गाँजा तथा अफिम खेती बढी हुने गरेको मान्न सकिन्छ । अर्कोतिर, प्रहरी प्रशासनको कमजोर उपस्थिति र मिलेमतोमा पनि गाँजा खेती गर्नेलाई प्रोत्साहित गरिरहेको हुनसक्छ । कृषिमा आवश्यक श्रमशक्ति कमी हुँदै गएको र कतिपय किसानले गाँजा खेतीको विकल्पमा अन्य खेतीमा जोड दिएका कारण गाँजा खेती कम भएको हो । विकट ग्रामीण भेगमा लगाइएको गाँजा तथा अफिम नष्ट गर्ने अभियान पनि प्रभावकारी बन्न नसकेको आरोप लाग्ने गरेको छ । प्रहरीको अभियानले सबैतिर लगाएको गाँजा तथा अफिम फडानी हुन नसकेको पाइन्छ । प्रहरीले सबै क्षेत्रको गाँजा तथा अफिम खेती फडानी गर्न नसकेकै कारण गाँजा खेतीप्रति आकर्षण हटेको छैन भने गाँजाको बिक्री वितरण भइरहेकै छ ।

गाँजा तथा अफिम खेती अन्त्य गर्न यसको खेती गर्ने किसानलाई उचित विकल्प दिनुपर्छ । सरकारले उचित विकल्प दिइसकेपछि यसको खेती पूर्णरुपमा अन्त्य गरिनुपर्छ । प्रहरी प्रशासनले सूक्ष्म निगरानी राखेर सबैतिरको गाँजा तथा अफिम खेती फडानी गर्नुपर्छ । गाँजा खेती फडानीका साथसाथै गाँजा खेती गर्ने व्यक्तिलाई पक्राउ गरेर कानुनी कारबाही गरिनुपर्छ । किसानलाई उचित विकल्प दिन सकेमा स्थानीय तहसँगको सहकार्यमा गाँजा खेती पूर्णरुपमा नष्ट तथा अन्त्य गर्न गाह्रो नहोला ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक परोपकारजन्य काममा सरिक भइएला ।
**वृष** : सामाजिक र धार्मिक काममा सरिक भइएला ।
**मिथुन** : पढाई–लेखाई मध्यमकारक देखिएला ।
**कर्कट** : व्यापार–व्यवसाय ठिकै रहेको देखिन्छ ।
**सिंह** : प्रशासनिक काममा प्रमुखको कचकच बढ्ला ।
**कन्या** : कल्पना र ज्ञान क्षेत्रमा मन जाने समय छ ।
**तुला** : घमण्ड र अहंकारको वृद्धि हुन सक्ने योग छ ।
**वृश्चिक** : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइनेछ ।
**धनु** : लेखाइ– पढाई मध्यमकारक रहने समय छ ।
**मकर** : सामाजिक र साँस्कृतिक काममा सरिक भइनेछ ।
**कुम्भ** : शिक्षा दीक्षा तर्फ चुनौति बढ्ने समयको योग छ ।
**मीन** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।

# कहाँ जान्छन् कृषिका स्नातक ?



✍दिपेश नेपाल

कृषि तथा पशु विज्ञान अध्ययन संस्थानअन्तर्गत केही दिनअघि मात्र ४३८ जना स्नातक उत्तीर्ण भएका छन् । यस्तै कृषि तथा वन विज्ञान विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालयसहित गरेर अहिले हरेक वर्ष १५०० भन्दा बढी कृषि स्नातक उत्पादन हुन्छन् । यस आलेखमा कृषिप्रधान देशका समग्र कृषि प्राविधिकलाई प्रतिनिधित्व गर्ने कृषि स्नातकहरुको अवस्था के छ ? भन्ने दृष्टान्त केलाउन खोजिएको छ ।

### अवस्था २

४ वर्षअघि कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट स्नातक सकेका ४ जना प्राविधिक मिलेर ललितपुरमा आफ्नै कन्सल्ट्यान्ट खोले । ठूलो उत्साहको साथ खोलेको आफ्नो कम्पनीबाट केही वर्ष पकेट खर्च जुटाउँदै स्थापित बन्ने उत्साह त्यो समूहमा थियो । दिन, रात, बिदा नभनी काम गर्दा पनि राम्रो कम्पनी चल्न नसकेपछि सबै आआफ्नो ढंगबाट अघि बढ्ने निर्णय गरे । अहिले समूहका सदस्यहरु कोही जागिर खोजिरहेका छन् भने कोही विदेश जाने तयारीमा छन् । 'सरकारी कार्यालयका अधिकृत सबैले आआफ्ना कन्सल्ट्यान्ट खोलेका छन्, आफ्नो नभएकाले जता कमिसन मिल्छ, त्यहाँबाट बनेका डकुमेन्टहरु मात्र स्वीकृत गर्छन्, प्रायः सबैको झोलामा फार्म छ । सहुलियत, अनुदान तिनैलाई मिल्छ । सिन्डिकेटले नयाँलाई चल्न त धेरै गाह्रो छ ।' एक जना सदस्यले निरास हुँदै बताए ।

### अवस्था २

लमजुङमा अध्ययन सकेको र केही समयपछि नेपाल सरकारको स्थायी अधिकृत जागिर खाएका एक व्यक्ति काठमाडौंमा भेटिए । करिब एक वर्ष सेवा गरिसकेका ती व्यक्तिबाट समग्र स्थानीय क्षेत्रको कृषि र सरकारी योजनाका बारेमा केही बुझिएला कि भन्ने अपेक्षा थियो । सरकारी क्षेत्रमा प्रवेश गरेका युवाको नजर कस्तो कृषि विकासतर्फ होला भनेर बुझ्न खोजें । तर सरकारी सेवामा गएको एक वर्षमै पूर्ण असन्तुष्ट उनीले कार्यालयमा नानाथरिको कागज बनाउन, सहरका जग्गाका मूल्य, सेयर बजार र कमिसन आउने क्षेत्रहरुको बारेमा मात्र विशेष छलफल हुने भएकाले त्यसमा मात्र जानकार भएको बताए । 'खै यही बसिरहे त कुवाको भ्यागुता भइएला जस्तो छ । पढ्नै भए पनि बाहिर जान पर्छ कि के हो ?' सरकारी सेवामा प्रवेश गर्ने सपना बोकेरै कृषि पढेका उनको त्यो भनाइ साँच्चै निराशाजनक थियो ।

### अवस्था ३

कृषिको स्नातक एउटै क्याम्पसमा पढेका र स्नातकोत्तर कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र कृषि तथा वन विज्ञान विश्वविद्यालयमा पढ्दै गरेका दुई जनासँग कीर्तिपुर त्रि.वि. परिसरभित्रै चिया खाँदै गर्दा भेट भयो । फरक फरक विश्वविद्यालयका स्नातकोत्तर अध्ययन गरिरहेका उनीहरुको भोगाइ चाहिं एउटै थियो । 'चार महिना भयो काठमाडौंमा कोठा लिएर बसेको एउटा क्लास भएको छैन । सरलाई फोन गरेर गुनासो गर्दा उल्टै मलाई सोधेर कोठा लिएको थिस् भन्नुहुन्छ । जिन्दगीलाई मजाक बनाइदिन्छन् यार ।' कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा पढ्ने एक जनाले सुनाए । कृषि तथा वन विज्ञान विश्वविद्यालय पढ्ने साथीको पनि अवस्था त्यही थियो । कृषिविज्ञ बन्न पढाइ सुरु गरेका उनीहरु अनभिज्ञ जिन्दगीदेखि निरस देखिन्थे । पढ्न भनेर काठमाडौं र चितवनमा कोठा भाडामा लिएर बसेका उनीहरु अब जागिर खोज्नुको विकल्प देख्दैनथे ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयका एक प्राध्यापकले नेपाल कृषि अनुसन्धान परिषद्मा भएको कार्यक्रममा आफूले पढाएका विद्यार्थी विदेशिएको तथ्यांक गौरवको साथ प्रस्तुत गर्नुभयो । प्राध्यापकहरुले अध्यापनको उपलब्धि केलाई ठान्नुहुन्छ भन्ने कुरा यही परिदृश्यबाट बुझ्न सकिन्छ ।

### परिदृश्य ४

चार वर्षअघि नै कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट अध्ययन सम्पन्न गरेर आफ्नै क्षेत्रमा उद्यमी बन्ने हुटहुटीले सुदूरपश्चिममा नगदेबालीको उत्पादन सुरु गरेका एक युवाको सपना निकै ठूलो थियो । चिसो मौसममा भएका उत्पादनलाई लिएर देशभरि नै व्यापार सुरु गर्ने योजना बोकेर उनले नगदे बालीको बीउ उत्पादन सुरु गरे । तर भारतीय सस्तो उत्पादनका अगाडि उनले प्रतिस्पर्धा गर्न सक्ने अवस्था थिएन । तर उनमा बजारभन्दा पनि सरकारी अनुदानसँग धेरै गुनासो थियो । 'पाँच लाखको अनुदान दिन्छु, दुई लाख दिनु भनेर पहिल्यै भन्ने सरकारी कर्मचारी छन् । अनुदानले कामलाई प्रोत्साहन गर्नेभन्दा पनि निरुत्साहित गर्ने रै'छ । कागजी प्रक्रिया मिलाउन खेतमा भन्दा बढी समय छुट्टाउनु पर्छ । खै बेकार चर वर्ष खेर गयो, ऋण मिलाएर अस्ट्रेलिया जान सोच बनाएँ,' मन्द हाँसोमै उनले आफ्नो दुःख पोखे ।

### परिदृश्य ५

कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको विद्यार्थी भर्नामा भएको बेथितिविरुद्ध आन्दोलनरत विद्यार्थी र अध्ययन संस्थानका प्राध्यापक र पदाधिकारीबीच आन्दोलनका विषयलाई लिएर छलफल चलिरहेको थियो । अध्ययन संस्थानको शैक्षिक गुणस्तरको विषयमा छलफल हुँदैगर्दा स्नातकका उत्कृष्ट विद्यार्थीहरु किन स्नातकोत्तर अध्ययन गर्न नेपाल बस्दैनन् भन्ने प्रश्न उठ्यो । त्यो प्रश्न उठ्ने वित्तिकै एक प्राध्यापकले झटपट उत्तर दिनुभयो, 'राम्रो पढ्न सक्ने कोही यहाँ बस्दैनन्, जो बाहिर जान सक्दैन त्यही यहाँ पढ्छ, अनि आन्दोलन गरेर बस्छ ।'

त्यस्तै कृषि तथा वन विज्ञान विश्वविद्यालयका एक प्राध्यापकले नेपाल कृषि अनुसन्धान परिषद्मा भएको कार्यक्रममा आफूले पढाएका विद्यार्थी विदेशिएको तथ्यांक गौरवको साथ प्रस्तुत गर्नुभयो । प्राध्यापकहरुले अध्यापनको उपलब्धि केलाई ठान्नुहुन्छ भन्ने कुरा यही परिदृश्यबाट बुझ्न सकिन्छ । माथिका परिदृश्य कृषिप्रधान देशका कृषि प्राविधिकहरुको प्रतिनिधिमूलक अवस्था हुन् । कृषि अध्ययन गरेर उद्यमी बनेका, सरकारी सेवामा प्रवेश गरेका, स्वरोजगारीको बाटो खोज्दै गरेका र उच्च शिक्षा अध्ययन गर्दै गरेका सबैमा निराशा देखिन्छ । कृषि विकासको सपना देखाएर किसानको भोटले चुनाव जित्ने राजनीतिक दल र तिनका विद्यार्थी संगठन अहिले पनि समृद्ध नेपाल, सुखी नेपालीको नारा लगाइरहेका छन् । तर करोडौं किसान भएको देशमा भएका सयौं प्राविधिक अट्न किन सकिरहेका छैनन् भन्ने प्रश्नमा कसैको चासो छैन ।

शिक्षित बन्नु भनेको हातमा प्रमाणपत्र हुनु मात्र होइन सामाजिक चेतना र उत्तरदायित्वको आभास हुनु पनि हो । जुन शिक्षाको प्रमाणपत्र अंकमा मात्र सीमित हुन्छ, व्यावहारिक जीवनमा उपयोग हुँदैन त्यस्तो शिक्षा दैनिक जीवनयापनका लागि खतरनाक हुन्छ । अझ कृषिजस्तो प्राविधिक शिक्षाले त मानिसको दैनिक व्यवहार परिवर्तन गर्नुपर्ने हो, सामाजिक अर्थव्यवस्थालाई परिवर्तन गर्नुपर्ने हो । आम मानिसको दैनिकीसँग जोडिएको कृषि क्षेत्रमा विज्ञता हासिल गरेको मान्छे समाजमा हरदिन र हनुपर्ने हो । तर हाम्रो अवस्था ठीक विपरीत छ । कृषि प्राविधिकहरु स्थानीय तहमा छैनन् र जानै चाहँदैनन् । कृषि प्राविधिकसँग आफ्नो माटो, आफ्नो कृषिको ज्ञान नै छैन । विदेशी पाठ्यक्रमबाट सारिएका पाठ्यवस्तु पढेर गाउँमा पुग्दा कति प्राविधिकहरु अवाक् भएका र लखेटिएका उदाहरण हामीसँगै छन् । कृषिको उच्च शिक्षाले गाउँमा गएर हलोजुवा समात्न, गोबर उठाउन लजाउने बनाउँछ । कोट टाई लगाएर कार्यालय धाउने मात्र बनाउँछ भने तपाई आफैं भन्नुस् त्यस्तो शिक्षाले देश कता पुर्‍याउला ?

हाम्रो देशमा कृषि स्नातक शिक्षा या विदेश जान प्रयोग हुन्छ या जागिर खान । उदाहरणका रुपमा अध्ययनपछि के गर्छौ भनेर प्रश्न गर्दा लमजुङबाट भर्खरै कृषि स्नातक अध्ययन सम्पन्न गरेका ८२ प्रतिशत विद्यार्थीले बाहिर जान तयारी गर्ने बताए । बाँकीका १८ प्रतिशत विद्यार्थीले सरकारी सेवाको तयारीमा लाग्ने बताए । अध्ययन सकेर कृषि क्षेत्रमै काम गर्ने स्नातक एक जना पनि भेटिएनन् ।

कृषि स्नातकको विदेश पलायनको अवस्था कस्तो भनेर अर्को पनि उदाहरण छ– कृषि स्नातक कार्यविधि, २०७८ मन्त्रालयबाटै पारित गरेर कृषि विभागले तत्काल कृषिमा स्नातक अध्ययन सकेकालाई कृषि ज्ञान केन्द्रमा पठाउने योजना बनायो । कृषि स्नातक उत्तीर्ण गरेका ७७ जनालाई करारमा नियुक्ति गर्न पहिलो पटक विभागले २०० जनाको नाम प्रकाशन गरेको थियो । विभागलाई उक्त संख्या पूर्ति गर्ने तीवटा सूचना प्रकाशित गर्नुपर्‍यो । त्यसको प्रमुख कारण थियो– उत्कृष्ट विद्यार्थीको विदेश पलायन ।

२०७६ मा लमजुङ क्याम्पसबाट स्नातक अध्ययन सकेका ४३ प्रतिशत विद्यार्थी अहिले उच्च अध्ययनका लागि अन्य देश गएका छन् । कृषि तथा वन विज्ञान विश्वविद्यालय र अन्य विश्वविद्यालयमा पनि अवस्था उस्तै नै छ ।

बर्सेनि सयौं कृषि स्नातकहरु यो वा त्यो बहानामा विदेशिने गरेका छन् । उच्च अध्ययनका लागि बाहिर गएका न्यून विद्यार्थी मात्रै नेपाल फर्किने गरेका छन् । यसरी उच्च अध्ययनको झारो टराइ र अध्ययन संस्थानमा व्याप्त फोहोरी राजनीतिले सरकारको करोडौंा लगानी बालुवामा पानी हाले सरह हुने गरेको छ । आजभन्दा करिब ३० वर्ष अगाडि डोरबहादुर विष्टले आफ्नो पुस्तक फ्याटलिज्म एन्ड डेभलपमेन्टमा कृषि अध्ययनकर्ताहरुको अवस्थालाई लक्षित गर्दै भनेका थिए, 'किसानहरु कृषि तालिम लिनै पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ । कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ ।' यो भनाइको सार्थकता अहिले पनि उस्तै नै छ ।

नेपालको कृषि शिक्षाको अवस्था परिवर्तन गर्ने र शिक्षित युवालाई नेपालमै कृषि उद्यमी या असल प्राविधिक बनाउने हो भने सर्वप्रथम अहिलेको पाठ्यक्रम पूर्ण परिवर्तन गर्नुपर्ने देखिन्छ । नेपाली आली र बाली नचिन्ने पाठ्यक्रमले फगत प्रमाणपत्र मात्र वितरण गरेको आभास हुन्छ ।

दोस्रो, कृषि शिक्षामा व्याप्त फोहोरी राजनीतिको अन्त्य गरी गुणस्तरीय प्रयोगात्मक अध्ययनलाई जोड दिनुपर्छ । अध्ययन अध्ययपन बन्द कोठाभित्र होइन किसानको खेतबारीमा गर्ने व्यवस्था मिलाउनुपर्छ र किसानकै खेतबारीमा रहेका समस्या सापेक्षिक अनुसन्धान गराइनुपर्छ । कृषि उद्यममा लाग्ने युवालाई निःसर्त सहुलियत ऋणको व्यवस्था गर्नुपर्छ । नत्रभने हरेक वर्ष कृषि अध्यापन गर्ने शैक्षिक संस्थाले विदेसिएका विद्यार्थीको ग्राफ देखाएर नाक घोक्र्याउने र विदेसिएका युवाको रेमिट्यान्सबाट चलेका सरकार र राजनीतिक दलका नेताले कृषि विकासको सपना देखाउने क्रम दोहोरिरहने छ, कृषिको अवस्था भने झन् निराशाजनक भइरहनेछ ।

*(लेखक कृषि प्रसारमा स्नातकोत्तर तहमा अध्ययनरत छन्/स्रोतः रातोपाटी)*

# पाँच योगासन, जसले पेटको बोसो घटाउँछ



✍सुमित्रा लुंइटेल




पेटमा बोसो जमेपछि शरीर भद्दा देखिन्छ । भद्दा देखिने मात्र होइन, यसले अनेक रोगसमेत निम्त्याउँछ । मधुमेह, उच्च रक्तचाप जस्ता दीर्घरोगले ग्रस्त बनाउँछ । त्यसो भए मोटोपन कसरी घटाउने ?

यसका लागि धेरैले खानपानमा कटौती गर्छन् । तर नियमित खानपानमा कटौती गर्दा अरु समस्या थपिन सक्छ । शरीरमा पोषणको अभाव हुन सक्छ । त्यसैले पेटको बोसो घटाउने अन्य उपाय अपनाउन सकिन्छ । योगासनको माध्यमबाट पेटको बोसो घटाउन सकिन्छ ।

### उत्तानपाद आसन

यो आसन गर्न सबैभन्दा पहिले भुईंमा सिधा भएर सुत्ने, अब आफ्नो दुवै हात तिघ्राको छेउमा राख्ने, त्यसपछि श्वासभित्र लिएर आफ्नो दुवै खुट्टालाई ३०, ६०, ९० डिग्रीको ऐंगलमा माथि उठाउनुपर्छ । पाँचदेखि १० सेकेन्ड त्यही स्थितिमा रहने, बिस्तारै श्वास छोड्दै खुट्टालाई तल ल्याउने र शरीरलाई खुकुलो छोड्ने गर्नुपर्छ । ढाड दुखाइको समस्या छ भने एउटा–एउटा खुट्टा पालैपालो गर्नु लाभदायक हुन्छ ।

यो आसनले आन्द्रालाई बलियो र स्वस्थ बनाउँछ । कब्जियत, ग्यास, मोटोपनको समस्या कम गर्छ र पेटको बोसोलाई घटाउँछ ।

### नौकासन

नौकासन गर्न सिधा सुत्ने, त्यसपछि आफ्नो कम्मरको हड्डीको सहयोग लिएर, माथिल्लो र तल्लो भागलाई ६० डिग्रीमा उठाउनुपर्छ । हातखुट्टाको औंलाहरु आँखाको स्तर अनुसार हुनुपर्छ । पेटको मांसपेशीमा 'फोकस' गर्ने र शरीरलाई डुंगाजस्तो बनाएर १० सेकेन्ड त्यही स्थितिमा गहिरो सास लिने र श्वास छोड्ने गनुपर्छ ।

...बाँकी पृष्ठ ३ मा

## एसईईमा ६ हजारभन्दा बढी परीक्षार्थीको आवेदन:

# राक्सिराङ र कैलाशमा केन्द्र परेनन्



जमुना थिङ

हेटौंडाः आगामी चैत्र १७ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी हुनका लागि मकवानपुरबाट ६ हजारभन्दा बढी परीक्षार्थीले परीक्षा आवेदन फारम भरेका छन्। नियमिततर्फ ५ हजार ८ सय ५३ जना, प्राविधिक धारतर्फ २ सय २४ जना र ग्रेडवृद्धितर्फ २ सय ५६ जना परीक्षार्थीले परीक्षा आवेदन फराम भरेका हुन्।

मकवानपुरबाट ६ हजार ३ सय ३३ जना परीक्षार्थीले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागीका लागि आवेदन फारम भरेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ। एक सय वटा सामुदायिक र ३८ वटा संस्थागत गरी १ सय ३८ वटा विद्यालयले परीक्षा आवेदन फराम भरेका छन्।

एसईईका लागि यसवर्ष मकवानपुर जिल्लामा २५ वटा परीक्षा केन्द्र तोकिएका छन्। जिल्लाको हेटौंडा उपमहानगर पालिकामा १४ वटा र अन्य पालिकाहरुमा ११ वटा विद्यालयलाई परीक्षा केन्द्र कायम गर्दा राक्सिराङ र कैलाश गाउँपालिकाको कुनै पनि विद्यालयलाई केन्द्र तोकिएन।

बागमती गाउँपालिकाको जनता माध्यमिक विद्यालय, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय र महेन्द्र किरण माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ। यसैगरी बकैया गाउँपालिकाको महेन्द्र माध्यमिक विद्यालय र बुद्ध माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ। थाहा नगरपालिकाको मच्छेनारायण माध्यमिक विद्यालय र जनकल्याण माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ। मकवानपुरगढी गाउँपालिकाका जाल्पादेवी माध्यमिक विद्यालय, भीमफेदी गाउँपालिकाको महेन्द्र माध्यमिक विद्यालय र इन्द्रसरोवर गाउँपालिकाको सरस्वती बालबोधिनी माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अनुसार बागमतीमा एउटा, हेटौंडामा १४ वटा, मनहरीमा २ वटा, थाहानगरमा ३ वटा, मकवानपुरगढीमा एउटा, बकैयामा २ वटा, भीमफेदीमा एउटा र इन्द्रसरोवरमा एउटा परीक्षा केन्द्र तोकिँदा २ वटा पालिकामा भने परीक्षा केन्द्र तोकिएको छैन। १० पालिकामध्ये राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकामा परीक्षा केन्द्र नतोकिएको हो। भौतिक पूर्वाधारको अभावका कारण परीक्षा केन्द्र नतोकिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका शिक्षा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो।

गतवर्ष एसईई परीक्षामा ७ हजार एक सय ३८ जना परीक्षार्थीले परीक्षा आवेदन फारम भरेका थिए। जिल्लाका १ सय ३६ वटा सामुदायिक तथा संस्थागत विद्यालयले आवेदन फारम भरेका थिए। जसमा ग्रेडवृद्धितर्फ १४ जना, प्राविधिक धारतर्फ २ सय ४५ जना र नियमिततर्फ ६ हजार ८ सय ७९ परीक्षार्थीले परीक्षा आवेदन फारम भरेका थिए। गत वर्षको तुलनामा मकवानपुरबाट एसईईको परीक्षा आवेदन फराम भर्ने परीक्षार्थीको संख्या यसवर्ष करिब एक हजार जना घटेका छन्। राष्ट्रिय परीक्षा बोर्डले परीक्षा केन्द्र तोक्न सबै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईलाई जिम्मेवारी दिएको थियो।

# रोटरीद्वारा विद्यार्थीलाई सेनेटरी प्याड वितरण




*विद्यार्थीलाई सेनेटरी प्याड वितरण गरिँदै।*

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुरले सेनेटरी प्याड वितरण गरेको छ। बुधबार मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैंसेस्थित कृष्ण माध्यमिक विद्यालयमा रोटरी क्लब अफ मकवानपुरको आयोजना तथा लायन्स क्लब अफ हेटौंडा पाथिभरा गोल्ड र रोट्र्याक्ट क्लब अफ मकवानपुरको सहकार्यमा सेनेटरी प्याड वितरण गरिएको हो।

रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्ण बहादुर कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमित्रा नेगीको प्रमुख आतिथ्य रहेको थियो। त्यसैगरी लायन्स क्लब अफ हेटौंडा पाथिभरा गोल्डका अध्यक्ष मल्लिका श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक कृष्ण लाल श्रेष्ठ, रोटरी क्लब अफ मकवानपुरका पूर्वअध्यक्ष विजयलाल श्रेष्ठ, कविन सांगामी, रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीप कुमार राई लगायतको उपस्थिति रहेको थियो। ८ कक्षादेखि १० कक्षासम्मका ८७ जना छात्राहरूलाई प्याड वितरण गरिएको अध्यक्ष कार्कीले जानकारी दिनुभयो। हातले बनाएको उक्त प्याडहरु धोएर पुनः प्रयोग गर्न सकिने लायन्स क्लब अफ हेटौंडा पाथिभरा गोल्डको अध्यक्ष मल्लिका श्रेष्ठले जानकारी दिइन्।

## उद्योगले लोडसेडिङ...

ठप्प पार्ने बताउनुभयो। मकवानपुर जिल्लाको औद्योगिक क्षेत्रले राजश्वमा २० अर्बको योगदान पुर्‍याउने गरेको उहाँले जानकारी गराउनुभयो। मकवानपुरका उद्योगहरु एक दिन मात्र नचल्दा ३ करोड नोक्सान हुने उहाँले स्पष्ट पार्नुभयो। अन्तरक्रियामा उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष लेखराज पोखरेल र हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख भोजराज विनाडी लगायतको उपस्थिति रहेको थियो।

# जीएस निकेतनका ४ अभिभावक सम्मानित




*अभिभावक दिवसको अवसरमा आयोजित कार्यक्रममा नृत्य गर्दै विद्यार्थीको समूह।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित जीएस निकेतन माविको २२ औं अभिभावक दिवस मनाएको छ। सहकारीको अवधारणामा सञ्चालित मकवानपुरकै ठूलो शैक्षिक संस्था जीएस निकेतन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद लामिछानेको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाको प्रमुख आतिथ्यमा अभिभावक दिवस समारोह भएको हो।

अभिभावक दिवसको अवसरमा ४ जना अभिभावकलाई विद्यालयले सम्मान गरेको छ। अभिभावक दिवसको अवसरमा विद्यार्थीले नृत्य, गायन, नाट्य कला प्रस्तुत गर्नुका साथै विषयगत प्रदर्शनीको समेत आयोजना गरिएको थियो। १० कक्षासम्म पठपाठन हुने जीएस निकेतनमा एक हजार पाँच सय ५४ जना विद्यार्थी अध्ययनरत छन्। अभिभावक दिवसको अवसरमा विद्यालयले छ जना शिक्षक, कर्मचारीलाई सम्मान गरेको छ। यस्तै ६ जना विद्यार्थीलाई ६ महिनाको छात्रवृत्ति सम्मान प्रदान गरेको छ। कृति प्रकाशन गर्ने विद्यार्थी समर्पण न्यौपानेलाई सम्मान गर्नुका साथै २ सय वटा पुस्तक खरिद गरी २० हजार रुपैयाँ हस्तान्तरण गरिएको छ।

अभिभावक भेलामा विद्यालयका प्रिन्सीपल ईश्वरप्रसाद लामिछानेले विद्यालयको वस्तुस्थितिका बारेमा जानकारी राख्नुभएको थियो। जीएस निकेतन मावि ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा सञ्चालित शैक्षिक संस्था हो। सहकारीका ६ सय सेयर सदस्य छन्। अभिभावक दिवस समारोहमा वडा अध्यक्ष सुशील घिमिरे, वडा सदस्य रञ्जिता सिलवालको पनि आतिथ्य रहेको थियो।

# एकैदिन दुई स्थानमा रक्तदान कार्यक्रम




*रेडियो मकवानपुरले आयोजना गरेको रक्तदान कार्यक्रममा रक्तदान गर्दै।*

समाज संवाददाता

हेटौंडाः बुधबार हेटौंडाका दुई स्थानमा रक्तदान कार्यक्रम भएको छ। हेटौंडा-२ स्थित रेडियो मकवानपुरले वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो भने श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल जिल्ला कार्यसमिति मकवानपुरको स्थापना दिवसको अवसरमा हेटौंडा-१६, हटियामा रक्तदान कार्यक्रम भएको हो।

रेडियो मकवानपुरले आयोजना गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरे भने श्रीकृष्ण प्रणामी युवा परिषद्ले आयोजना गरेको कार्यक्रममा ३० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंकप्रसाद दाहालले जानकारी दिनुभयो। माघ महिनामा उल्लेख्य संख्यामा रक्तदान कार्यक्रम भएको छ। रक्तदान कार्यक्रम पर्याप्त भएकै कारण रगतको मागअनुसार सहजै आपूर्ति व्यवस्था मिलाउन सकिएको केन्द्र प्रमुख दाहालको भनाइ छ।

यसैबीच माघ २१ गते मानवधर्म सेवा समितिले हेटौंडा-११, पूण्यक्षेत्रमा, माघ २७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा, माघ २८ गते सहकारी संस्था संस्थाले, माघ २९ गते हेटौंडा उपमहानगरपालिकाको कार्यालयले रक्तदान कार्यक्रमको आयोजना गरेको रक्तसञ्चार केन्द्रले जानकारी दिएको छ। हेटौंडामा संकलित रगत अहिले हेटौंडामै खपत भइरहेको पनि सञ्चार केन्द्र प्रमुख दाहालले जानकारी दिनुभएको छ। हेटौंडा अस्पतालस्थित मिर्गौला डायलासिस सेन्टरमा रगतको खपत बढी मात्रामा भइरहेको दाहालले बताउनुभयो।

# भरुवा बन्दुकसहित एकजना नियन्त्रणमा

काठमाडौंः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेका गतिविधिले उनकै पार्टीभित्र असन्तुष्टि चुलिएको छ। नागरिकता प्रकरणमा सांसद र मन्त्री पद गुमाएका लामिछानेले नागरिकता लिएलगत्तै फेरि मन्त्री हुन खोजेको आरोप उनलाई पार्टीभित्रैबाट आएको छ।

गत शुक्रबार उपप्रधानमन्त्री एवम् गृहमन्त्री, सांसद र पार्टी सभापति गुमाएका लामिछानेले आइतबार नागरिकता लिए। नागरिकता लिएलगत्तै लामिछाने पार्टीको सभापति बनेका थिए। त्यसपछि उनले आफ्नो गुमेको उपप्रधानमन्त्री तथा गृहमन्त्री पद खोजेका छन्। त्यसका लागि उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई दबाब दिएका छन्। त्यस्तै एमाले अध्यक्ष केपी शर्मा ओलीको साथ समेत लिइरहेका छन्।

प्रचण्डले भने लामिछानेलाई मन्त्री बनाउन चाहेका छैनन्। उनले सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ आउन पर्ने भन्दै आएका छन्। लामिछानेको यही सक्रियतालाई पार्टीभित्र शंका गर्न थालिएको छ। रास्वपाका केन्द्रीय सदस्य गणेश कार्कीले पार्टी सभापतिका गतिविधिले पुराना पार्टीका गतिविधि बिर्साउने काम गरेको बताए।

'सभापतिजीले आफ्नै लागि गृह मन्त्रालय माग्नुभएको भन्ने प्रष्ट त छैन। तर उहाँले पार्टीकै लागि माग्नुभएको हो भन्ने प्रष्ट हुन सकेको छैन,' कार्कीले भने, ''उहाँको गतिविधिले हामी अरूभन्दा फरक हुन सकेनौं भन्ने प्रश्न उठेको छ। यो स्वाभाविक हो।' पार्टीमा यस विषयमा कुनै छलफल समेत नभएकाले थप आशंका गर्ने ठाउँ बढेको उनले बताए। "भागवन्डाको राजनीति गरिसकेपछि गृहमा हामीले दाबी गर्नु स्वाभाविक हो। तर मलाई नै चाहिन्छ भन्नु अस्वाभाविक हो," उनले भने, "अहिलेसम्मका दौडधुपहरू आफ्नो लागि भन्दा पनि पार्टीका लागि गरेको भनेर सभापतिले आश्वस्त पार्न सक्नुपर्छ।" पार्टीका बैठकमा समेत लामिछानेले कसैको प्रश्न सुन्न चाहँदैनन् भन्ने आरोप लाग्दै आएको छ।

लामिछानेका गतिविधिले सांसदहरू समेत असन्तुष्ट बनेका छन्। "हामी त झन् चाँडो बिग्रिन्छौं जस्तो भइसकेको छ। उहाँले पार्टीभन्दा आफूलाई केन्द्रमा राख्नुभएको छ," एक सांसदले भने, "उहाँले आफ्नो नैतिकताको पाटोलाई समेत ख्याल गर्नुभएन। सत्ताबिना बस्न सक्दिनँ भन्ने मानसिकता उहाँमा देखिएको छ।"

*स्रोतः सेतोपाटी।*

## पाँच योगासन...

**नौकासन पेट तथा कलेजो सफा गर्न उपयोगी मानिन्छ। नौकासनलाई डुंगा मुद्रा पनि भनिन्छ। शरीरलाई डुंगाजस्तो बनाएर गरिने यो आसन पेटको बोसो घटाउन पनि निकै उपयोगी हुन्छ।**

**उष्ट्रा आसन**

**उष्ट्रा आसनका लागि सबैभन्दा पहिले घुँडाको सहारा लिएर योगा म्याटमा बस्नुपर्छ। अब मेरुदण्डलाई पछाडि झुकाउँदा दुवै हातलाई खुट्टामा राखेर कुर्कुच्चा समाउने र हिपलाई अगाडि ठेल्नुपर्छ। यस्तो अवस्थामा पाँचदेखि १० पटक गहिरो सास लिने र त्यसपछि बिस्तारै सामान्य अवस्थामा आउनुपर्छ। घाँटीमा अत्यधिक दबाब हुनु हुँदैन र कम्मरदेखि घुँडासम्मको भाग सिधा रहनुपर्छ। उष्ट्रा आसनले पनि पेटको बोसो घटाउन सहयोग गर्छ।**

**सेतुबन्ध आसन**

**यो आसन गर्न उत्तानो भएर सुत्नुपर्छ। त्यसपछि खुट्टालाई खुम्चाउने र कम्मरलाई ९० डिग्रीमा बिस्तारै उठाउने गर्नुपर्छ। २० देखि ३० सेकेन्ड त्यही अवस्थामा रहने र बिस्तारै सास लिने, बिस्तारै श्वास छोडेर कम्मरलाई तल ल्याउनुपर्छ। यो चक्रलाई तीनदेखि पाँच पटकसम्म दोहोर्‍याउन सकिन्छ।**

**सेतुबन्ध आसनले कम्मरको दुखाइलाई कम गर्नुको साथै पेटको बोसोलाई पनि कम गर्छ।**

**नाभी दर्शन आसन**

**नाभी दर्शन आसनका लागि खुट्टालाई सिधा राखेर बस्नुपर्छ। त्यसपछि दुवै हात टेकेर पेट, ढाड, गर्धन र टाउकोलाई माथि उठाउने र नाभीमा हेर्नुपर्छ। १० देखि १५ सेकेण्ड त्यही अवस्थामा रहने र बिस्तारै ढाड, पेट र टाउकोलाई तल राख्नुपर्छ। यो प्रक्रियालाई चार-पाँच पटक दोहोर्‍याउन सकिन्छ।**

**यो आसनले पेटको बोसो घटाउनुका साथै हातखुट्टा र गर्धनलाई पनि बलियो बनाउँछ।**

**(योगमाण्डु योगका अन्तर्राष्ट्रिय योग प्रशिक्षक अर्जुन रखाल मगरसँग सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित)**

आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि समाचार एडिटर आवश्यक परेको हुनाले न्युज एडिटिङ तथा फोटोसप डिजाईन सम्बन्धि ज्ञान भएका उम्मेदवाहरुले आफ्नो बायोडाटा (CV) सहित दरखास्त पेश गर्नुहुन आह्वान गरिन्छ।

सम्पर्कः
०५७५२६८३०, ९८५५०६८२२७
www.samriddhasamaj.com.np

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

# हेटौंडामा तरकारी मुल्य सस्तियो



विनु विश्वकर्मा

हेटौंडाः हेटौंडा बजारमा तरकारीको मुल्य सस्तिएको छ। पछिल्लो दुई हप्तादेखि तरकारीको मुल्य सस्तिएको तरकारी तथा फलफुल व्यवसायी महासंघका पूर्व अध्यक्ष ज्ञान बहादुर गोलेले जानकारी दिनुभयो । असोज/कात्तिकमा प्रतिकिलो १ सय ५० रुपैयाँसम्म पुगेको गोलभेडा र आलु अहिले सबैभन्दा सस्तो भएको छ ।

हेटौंडाको थोक तरकारी बजारमा गोलभेडा प्रतिकिलो १६ रुपैयाँमा विक्रि भइरहेको छ । गोलभेडाको २० रुपैयाँ प्रतिकिलो खुद्रा मुल्य रहेको व्यापारीको भनाइ छ। त्यसैगरी, थोक बजारमा नयाँ आलु प्रतिकिलो २० रुपैयाँमा विक्रि भइरहेको छ भने खुद्रा ३० रुपैयाँ प्रतिकिलोमा विक्रि भइरहेको तरकारी व्यवसायी श्याम बहादुर मोक्तानले बताउनुभयो । यस्तै, माछे खुर्सानी प्रतिकिलो ९० रुपैयाँ थोक मुल्य र १०० रुपैयाँ प्रतिकिलो खुद्रा मुल्यमा विक्रि भइरहेको उहाँले बताउनुभयो । काँक्रो थोक मुल्य ५० रुपैयाँ र खुद्रा ६० रुपैयाँ रहेको उहाँको भनाइ छ । त्यसैगरी, घिउसिमीको थोक मुल्य ६० रुपैयाँ र खुद्रा मुल्य ७० रुपैयाँ, फर्सी थोक मुल्य ३० रुपैयाँ र खुद्रा मुल्य ४० रुपैयाँ प्रतिकिलो रहेको छ ।

यस्तै, हेटौंडा बजारमा गाजरको थोक मुल्य ३० रुपैयाँ र खुद्रा ४० रुपैयाँ, मुलाको थोक मुल्य १०-१२ रुपैयाँ र खुद्रा ३० रुपैयाँ प्रतिकिलो रहेको छ । त्यसैगरी, काउलीको फल्ने समय पनि भएकोले काउलीको मुल्य पनि सस्तिएको छ। अहिले हेटौंडा बजारमा काउलीको थोक मुल्य २० रुपैयाँ प्रतिकिलो छ भने ४० रुपैयाँ खुद्रा मुल्यमा काउली विक्रि भइरहेको छ । यस्तै, धनियाँ १ सय २० रुपैयाँ, कागती १ सय २० रुपैयाँ, प्याज ४५ रुपैयाँ थोक तथा ५० रुपैयाँ खुद्रा मुल्यमा विक्रि भइरहेको तरकारी व्यवसायी दिलिप चौलागाईले जानकारी दिनुभयो । यस्तै, चाइनिज लसुन १ सय ९० रुपैयाँ थोक तथा २ सय रुपैयाँ खुद्रा, अदुवा ४० रुपैयाँ थोक तथा ८० रुपैयाँ खुद्रा मुल्यमा विक्रि भइरहेको उहाँले बताउनुभयो । हेटौंडा बजारमा रायोको साग १५ रुपैयाँ प्रतिमुठा विक्रि भइरहेको उहाँले जानकारी दिनुभयो । सुपको साग २० रुपैयाँ थोक मुल्य र ४० रुपैयाँ खुद्रा मुल्यमा विक्रि भइरहेको छ ।

यस्तै, च्याउ १ सय ४० रुपैयाँ थोक तथा १ सय ५० रुपैयाँ खुद्रा, हरियो केराउ ४० रुपैयाँ थोक तथा ७० रुपैयाँ खुद्रा मुल्यमा विक्रि भइरहेको व्यापारी चौलागाईले बताउनुभयो। बन्दा १२ रुपैयाँ थोक तथा २० रुपैयाँ खुद्रा मुल्यमा विक्रि भइरहेको उहाँले बताउनुभयो। हाल हेटौंडा बजारमा मकवानपुर जिल्लासँगै बाहिरी जिल्ला तथा भारतबाट तरकारी आयात भइरहेको तरकारी तथा फलफुल व्यवसायी महासंघका पूर्व अध्यक्ष ज्ञान बहादुर गोलेले जानकारी दिनुभयो । उहाँका अनुसार मकवानपुरको मात्रै उत्पादनले हेटौंडा बजार धान्न सक्दैन । बाहिरी जिल्लासँगै अहिले भारतबाट धेरै तरकारी मकवानपुरमा आयात भइरहेकोले पनि तरकारीको मुल्य सस्तो भएको हो ।

हेटौंडाको तरकारी बजारमा मकवानपुरको सामरी, हटिया, हाँडीखोला, भैंसे, कोगटे, कैलाश गाउँपालिकामा उत्पादित तरकारी विक्रिको लागि आउने गरेको उहाँले बताउनुभयो । हेटौंडामा चितवन, बुटवल, वीरगन्जबाट तरकारी आउने गरेको उहाँले जानकारी दिनुभयो। बजारमा रहेको आर्थिक मन्दीको असर तरकारी बजारमा पनि देखिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "हेटौंडा उपमहानगरपालिकाले तरकारी बजार नयाँ ठाउँमा सारेपछि विक्रि गर्न समस्या भइरहेको छ। सबैले तरकारी बजार देखेका छैनन् । ठाउँ नदेखेर पनि समस्या भएको छ । तरकारी बजारमा पहिले जस्तो चहलपहल छैन ।"

राप्ती नदिको किनारमा सारिएको तरकारी बजारमा व्यवसायीलाई वर्षाको चिन्ता छ। तरकारी बजारमा नदि छेउमा ड्यामको व्यवस्था र ढलको व्यवस्था हेटौंडा उपमहानगरपालिकाले गरेमा सहज हुने व्यापारीहरुको भनाइ छ । हेटौंडा उपमहानगरपालिकाले तरकारी व्यापारीहरुको सुरक्षाका लागि गार्डको व्यवस्था गरेको उहाँले बताउनुभयो ।

# लाइन्सको आयोजनामा निःशुल्क आँखा शिविरः ३ सय ५६ जनामा मोतिविन्दु



समाज संवाददाता

हेटौंडाः लायन्स क्लबको आयोजनामा सञ्चालन निःशुल्क आँखा परीक्षण शिविरअन्तर्गत् आँखाको परीक्षण गर्ने कार्यक्रम सकिएको छ। बुधबार हेटौंडाको बसामाडी, राक्सिराङ गाउँपालिका र पर्सा जिल्लामा शिविर भएसँगै आँखाको परीक्षण कार्यक्रम सकिएको हो ।

सोमबारदेखि सञ्चालन गरिएको आँखा परीक्षणमा ३ सय ५६ जनामा मोतिविन्दु देखिएको छ। बुधबार हेटौंडाको बसामाडीमा ५ सय ७१ जनाको आँखा परीक्षण गर्दा ४५ जनामा मोतिविन्दु देखिएको छ । यस्तै, राक्सिराङ गाउँपालिकामा १ सय ६ जनाको आँखा परीक्षण गरिएकोमा ६ जनामा मात्र मोतिविन्दु देखिएको छ। पर्सा जिल्लाको वीरगञ्जमा भएको शिविरमा २ सय जनाको परीक्षण गर्दा ३२ जनामा मोतिविन्दु देखिएको छ ।

मंगलबार मकवानपुरको बागमतीमा भएको शिविरमा २ सय ११ जनाको आँखा परीक्षण गर्दा २३ जनामा, बारा जिल्लाको भादाहमा भएको शिविरमा २ सय ८२ जनाको परीक्षण गर्दा ७२ जनामा र बाराकै इनवसीरामा भएको शिविरमा २ सय ८६ जनाको परीक्षण गरिएकोमा ५० जनामा मोतिविन्दु पाइएको थियो। पहिलो दिन सोमबार बाराको महेशपुरमा भएको शिविरमा ३ सय ९१ जनाको आँखा परीक्षण गरिएकोमा ९२ जनामा र सर्लाहीको हरिवन नगरपालिकामा भएको शिविरमा ३ सय ३६ जनाको आँखा परीक्षण गरिएकोमा ३६ जनामा मोतिविन्दु देखिएको थियो ।

सोमबार परीक्षण गर्दा मोतिविन्दु देखिएको बिरामीहरुलाई बुधबार हेटौंडा सामुदायिक आँखा अस्पताल ल्याइएको र बिहीबार बिहान आँखाको शल्यक्रिया गरिने कार्यक्रम संयोजक अमित शर्माले जानकारी दिनुभयो । एक-एक दिनको अन्तरमा आँखाको शल्यक्रिया गरिने उहाँले बताउनुभयो । बिहीबार आँखाको शल्यक्रियाका लागि नेत्ररोग विशेषज्ञ डाक्टर सन्दुक रुइत पनि आउनुहुने शर्माले बताउनुभयो ।

# लागूऔषधसहित २ जना नियन्त्रण

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका डा नम्बर १५ रातोमाटेबाट प्रहरीले लागूऔषधसहित २ जनालाई नियन्त्रणमा लिएको छ। बुधबार बिहान १ बजेर ४५ मिनेटको समयमा रातोमाटे चेकपोष्टमा प्रहरी सहायक निरीक्षक मिन बहादुर भट्टराईको कमाण्डमा खटिएको टोलीले २ जनालाई नियन्त्रणमा लिएको हो ।

सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश २-०३-००९ प ७८९६ नम्बरको मोटरसाइकललाई रोकी सुरक्षाजाँच गर्ने क्रममा प्रहरीले मोटर साइकल चालक जिल्ला सर्लाही मलङ्गवा नगरपालिका-१० का १८ वर्षीय राज झा र पछाडि सवार १८ वर्षीय अनिल कुमार यादवलाई नियन्त्रणमा लिएको हो। प्रहरीले उनीहरुको साथबाट १६ पत्ता १६० पिस निट्राजिपाम (१० एमजी) लागूऔषध फेला पारेको थियो । लागूऔषधसहित उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका जिल्ला प्रहरी कार्यालय मकवानपुरमा हिरासतमा राखिएको छ ।

# हेटौंडा आइडल
## राजेन्द्र सापकोटा बाहिरिए

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, टिसिएसनचौरमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा जारी हेटौंडा आइडल गायन प्रतियोगितामा बुधबार राजेन्द्र सापकोटा प्रतियोगिताबाट बाहिरिएका छन् ।

उत्कृष्ट १० मा परेका अनिता मोक्तान, प्रेमलाल बैठा, आवाज सुनार, सुस्मिता श्रेष्ठ, दीपेश श्रेष्ठ, राजेन्द्र सापकोटा, राजेश दर्नाल, सुसन शाही ठकुरी, विजय लामा, दिपा स्याङ्तानले मंगलबार प्रस्तुत गरेको गायनलाई निर्णायकहरुले मुल्याकंन गर्दै र भोटिङको आधारमा सापकोटा बाहिरिएका हुन् । सापकोटा बाहिरिएसँगै ९ जना प्रतिस्पर्धीले बुधबार आइडलमा आफ्नो प्रस्तुती राखेका थिए ।

उनीहरुलाई भोट गर्न टिकटको अर्धकट्टी र एसएमएसबाट भोटिङ गर्न सकिने हेटौंडा आइडल व्यवस्थापन समितिका संयोजक एवम् मकवानपुर उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य अंकिता सुमार्गीले बताउनुभयो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## सामाजिक संजाल प्रयोगमा सचेतना अपनाऔं ।

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बेरुजु घटाउन मन्त्री थपलियाको निर्देशन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले सरकारी कार्यालयलाई बेरुजु घटाउन निर्देशन दिनुभएको छ। विभिन्न खर्चपछि बेरुजु धेरै देखिन थालेकोले यसलाई घटाउन विशेष ध्यान दिन उहाँले निर्देशन दिनुभयो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको अर्धवार्षिक समीक्षा कार्यक्रमको समापन समारोहमा मन्त्री थपलियाले धेरै बजेट भएको मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालय रहेकोले बजेट सही ठाउँमा कार्यान्वयन गर्ने, बेरुजु नहुने गरी बजेट निकासा गर्ने र त्यसको उपलब्धि पनि अध्ययन हुनुपर्ने धारणा राख्नुभयो । अर्धवार्षिक समीक्षाको समय भएको अवस्थामा विनियोजित बजेटलाई यथासक्य उपलब्धी हासिल हुने गरी खर्च गर्ने तर्फ ध्यान दिन जरुरी रहेको मन्त्री थपलियाले बताउनुभयो ।

प्रदेशको समग्र भौतिक पूर्वधार विकासका लागि मन्त्रालयको कार्यसम्पादन महत्वपूर्ण रहेकोमा जोड दिनुहुँदै उहाँले आयोजना छनोटदेखि नै विशेष ध्यान दिन कर्मचारीलाई आग्रह गर्नुभयो। बजेट खर्च मात्र गर्ने भन्दा पनि गुणस्तरीय रुपमा आयोजनाको काम भयो कि भएन भन्नेतर्फ पनि प्राविधिक कर्मचारीले ध्यान पुऱ्याउन उहाँले सचेत गराउनुभयो । बजेट कार्यान्वयन गर्ने तर त्यसलाई किन भएन भन्नेतर्फ नजरअन्दाज गर्ने पनि गुनासो सुनिएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो "आर्थिक अनुशासन, मितव्ययिता नजर अन्दाज नगरी कार्य सम्पन्न गर्न सबैको ध्यान जानुपर्छ।" प्रदेश सरकारको राजस्व संकलन दर न्युन हुँदै गएको अवस्था रहेको भन्दै करको दायरा बढाउनुपर्ने उहाँले बताउनुभयो ।

अहिले बजेट विनियोजन गरिएका भन्दा फरक स्थानमा योजना कार्यान्वयन गर्नुपर्ने दवाव आइरहेको भन्दै सामान्य संशोधन भन्दा अरु केहि फेरबदल गर्न मात्र सकिने उहाँले जानकारी दिनुभयो । आगामी वर्षको बजेट निर्माण कार्य प्रारम्भ भैसकेकोले त्यसतर्फ पनि ध्यान दिनुपर्ने भन्दै कार्यक्रम तथा आयोजना प्रस्ताव गर्दा ठेक्का व्यवस्थापनमा जान सकिने गरी जग्गा प्राप्ती, डिजाइनिङ्ग, वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता पूर्वतयारी सम्पन्न भइसकेका ठूला आयोजनामा मात्र रकम प्रस्ताव गर्न मन्त्रालयलाई आग्रह गर्नुभयो ।

वागमती प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री माननीय युवराज दुलालको अध्यक्षतामा भएको कार्यक्रममा वागमती प्रदेशका प्रमुख सचिव मुकुन्द निरौला, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, भौतिक पूर्वाधार मन्त्रालयका सचिव, बागमती प्रदेशका यातायात पूर्वधार निर्देशनालयका प्रमुखलगायतका उपस्थिति रहेको थियो ।

# भीमफेदीमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न



समाज संवाददाता

हेटौंडाः भीमफेदी गाउँपालिकाको आयोजनामा भएको राष्ट्रपति रनिङशिल्ड विद्यालयस्तरीय खेलकुद प्रतियोगिता मंगलबार सम्पन्न भएको छ । भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको प्रमुख आतिथ्यमा प्रतियोगिता सम्पन्न भएको हो ।

शनिबारदेखि सुरु भएको प्रतियोगितामा रिले दौड, ४०० मिटर दौड, हाइजम्प, १०० मिटर दौड, ट्रिपलजम्प, मार्चपास, भलिबल प्रतियोगिता भएका थिए । यस्तै विविध प्रतियोगितामा उत्कृष्ट हुँदै कृष्ण माध्यमिक विद्यालयले यसवर्षको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि जितेको छ । विजेतालाई २० हजार रुपैयाँ राशिसहित शिल्ड, मेडल प्रदान गरिएको अध्यक्ष लामाले जानकारी दिनुभयो । प्रतियोगितामा निशु लामा उत्कृष्ट खेलाडी घोषित भएका छन् । ११ वटा विधामा भएको प्रतियोगितामा ८ वटा विद्यालय सहभागी भएका थिए ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ